कागेश्वरी मनोहरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## (कृषि विकास शाखा)

डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०९८६
०१-४४५०३५६

प.सं.: ०८०/८१
सूचना नं. १४/०८०/८१ (कृषि विकास शाखा)

## कोटेशन (दररेट) प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८०/११/०८

यस कागेश्वरी मनोहरा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कृषि विकास शाखाको चालु आ.व. ०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **"मकैको उन्नत बिउ उपयोगमा ५०% अनुदान कार्यक्रम"** मार्फत **मकैको हाईब्रिड बिउ ५० प्रतिशत अनुदानमा वितरण** कार्यक्रम संचालनार्थ सार्वजनिक खरिद ऐन २०६३, को दफा ४१ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१) (क) बमोजिम खरिद गर्नुपर्ने भएको हुँदा प्रति के. जि. के, कति दररेटमा उपलब्ध गराउन सकिन्छ, सो को दररेट सहित तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखि यस सूचनाको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा सिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

११/१०
सामर मिश्र
प्रमुख प्रशासकिय अधिकृत

तपशिलः

| क्र. सं. | बिउको विवरण | खरिद गरिने बिउको परिमाण (के.जी.) | अनुमानित लागत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | मकैको हाईब्रिड बिउ, जात- रामपुर हाईब्रिड-१० | ९३५ | ५,२०,१७७.९० | |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:-**

- कम्पनी दर्ताको प्रमाण-पत्रको प्रतिलिपि (नविकरण सहित) ।
- स्थायी लेखा नम्बर दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- बिउ बिजन बिक्रि ईजाजत प्रमाण-पत्रको प्रतिलिपि।